apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

लेखरचना, समाचार वा विज्ञापन पठाउदा बेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: १९४ ● पृष्ठ: ४ ● १५ साउन २०८३ शुक्रबार (31 July 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

# सिरहामा प्रदर्शन हिंसात्मक: गोली लागेर एक युवकको मृत्यु, गोलबजार–लहानमा कर्फ्यु, सेना परिचालन

### तोडफोड, आगजनी र प्रहरी कार्यालयमा आक्रमणको प्रयास; २२ सुरक्षाकर्मी घाइते, प्रहरीमाथि पनि गोली प्रहार

**शुभ नारायण कामती**
**सिरहा, साउन १४ गते**

सुनसरीको देवानगञ्जमा भएको घटनाको विरोधमा बिहीबार सिरहामा गरिएको प्रदर्शन हिंसात्मक बनेपछि गोली लागेर एक युवकको मृत्यु भएको छ भने दुई जना घाइते भएका छन् । घटनापछि गोलबजार र लहान क्षेत्र तनावग्रस्त बनेसँगै जिल्ला प्रशासन कार्यालय सिरहाले अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ । सुरक्षा अवस्था नियन्त्रणमा लिन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेना संयुक्त रूपमा परिचालन गरिएको छ ।




जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार गोलबजार क्षेत्रमा दुई पक्षबीच झडप चर्किएपछि अवस्था नियन्त्रणबाहिर गएको थियो । सो क्रममा औरही गाउँपालिका-तुलसीपुरका गणेश यादव र धनुषाको धारापानीका सुभाष ठाकुरलाई गोली लागेको थियो । उपचारका क्रममा गणेश यादवको मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक (एसपी) बासुदेव पाठकले जानकारी दिए । घाइते सुभाष ठाकुरलाई गोलबजारमा प्रारम्भिक उपचारपछि थप उपचारका लागि धरान रिफर गरिएको छ। उनको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ ।

यसैबीच, प्रदर्शनकारीतर्फ हालसम्म तीन जनालाई गोली लागेको खुलेको छ । अन्य एक घाइतेको उपचार भइरहेको प्रहरीले जनाएको छ। गोली कसले र कुन परिस्थितिमा चलाएको भन्ने विषयमा अनुसन्धान भइरहेको एसपी पाठकले बताए ।

**तोडफोड र आगजनी**

प्रदर्शन हिंसात्मक बन्दै गएपछि गोलबजार तथा आसपासका क्षेत्रमा व्यापक तोडफोड र आगजनी भएको प्रहरीले जनाएको छ । प्रारम्भिक विवरणअनुसार केही समूहले मुस्लिम समुदायले सञ्चालन गरेका घर, हार्डवेयर पसल, होटल, मासु पसल तथा कपडा पसलमा तोडफोड र आगजनी गरेका छन् ।

गोलबजार नगरपालिका-८ चोहर्वा पुरानो चोकस्थित एक कपडा पसल, विष्णुपुर चोकस्थित टेलर पसल तथा एक व्यापारिक मलमा आगजनी गरिएको छ । करिब १७-१८ वटा मोटरसाइकल तथा साइकलमा समेत आगजनी र तोडफोड भएको प्रहरीले जनाएको छ । आगलागी भएका स्थानमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनाको टोलीले आगो नियन्त्रणमा लिएको थियो।

बाँकी पृष्ठ ३ ▸▸

# सिरहा घटनाको छानबिन गर्न तीन सदस्यीय समिति गठन

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**



सिरहाको गोलबजारमा एक स्थानीयको मृत्यु भएको घटनाको छानबिन गर्न मधेश प्रदेश प्रहरी कार्यालयले तीन सदस्यीय छानबिन समिति गठन गरेको छ ।


बिहीबार दिउँसो गोलबजारमा गोली लागेर स्थानीय गणेश यादवको मृत्यु भएपछि घटनाको वास्तविकता पत्ता लगाउन प्रहरी वरिष्ठ उपरीक्षक (एसपी) भेषराज रिजालको नेतृत्वमा समिति गठन गरिएको प्रदेश प्रहरी कार्यालयले जनाएको छ।

समितिमा प्रहरी निरीक्षक (इन्सपेक्टर) यज्ञराज भट्ट र प्रहरी सहायक निरीक्षक (असई) गोविन्द झा सदस्य रहेका छन् ।

प्रहरीका अनुसार समितिले घटनास्थलको निरीक्षण, प्रमाण संकलन र सम्बन्धित पक्षसँग सोधपुछ गरी घटनाबारे विस्तृत प्रतिवेदन पेश गर्नेछ ।

घटनामा आज करिब २० वर्षीय गणेश यादवको मृत्यु भएको थियो ।

# मधेशकेन्द्रित दलको संयुक्त अपिल: घटनाको निष्पक्ष छानबिन गरौं, संयम बनौं


प्रेस वक्तव्य तथा अपिल



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

मधेशकेन्द्रित दलहरूले सुनसरी देवानगञ्ज घटनाको निष्पक्ष छानबिन, पीडितलाई न्याय तथा सामाजिक सद्भाव कायम गर्न आह्वान गरेका छन् । संयुक्त विज्ञप्ति जारी गर्दै उनीहरूले साम्प्रदायिक तनावपछि राज्यका निकायले संयमित र निष्पक्ष भूमिका निर्वाह गर्नुपर्ने बताएका छन् ।

'सुनसरीको देवानगञ्जमा भएको दुःखद घटनापछि उत्पन्न परिस्थितिप्रति हामी गहिरो दुःख, चिन्ता र संवेदना व्यक्त गर्दछौं। यस घटनामा ज्यान गुमाएका नागरिकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं । साथै, घाइते सबैको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछौं,' संयुक्त विज्ञप्तिमा भनिएको छ ।

बाँकी पृष्ठ ४ ▸▸

## मैथिलीमा प्रधानमन्त्रीको अपिल- सद्भाव राख के लेल अपिल के रहल छी !



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

केही दिनदेखि तराई-मधेशका विभिन्न जिल्लामा जारी तनावबीच बिहीबार साँझ प्रधानमन्त्री बालेन शाहले राष्ट्रका नाममा सम्बोधन गरेका छन् ।

प्रधानमन्त्री शाहले सम्बोधनका क्रममा उनले सबै पक्षलाई हरेक कुरामा सतर्क रहन आग्रह गरे। साथै, उनको आग्रह समाजिक सञ्जाल वा अन्य माध्यमबाट हुनसक्ने मिथ्या सूचना प्रवाह र त्यसले पार्नसक्ने असरप्रति सजक रहन पनि थियो ।

यसैबीच प्रधानमन्त्री शाहले सम्बोधनको अन्त्यमा मैथिली भाषामा

बाँकी पृष्ठ ३ ▸▸

# क्षणिक असमझदारीले वर्षौंदेखिको भाइचारा कमजोर बन्न नदिऔं: प्रदेश प्रमुख कर्ण

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १४ गते**



मधेश प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले सामाजिक सद्भाव, शान्ति र आपसी भाइचारा कायम राख्न प्रदेशवासीसँग हार्दिक अपिल गरेका छन् ।

प्रदेश प्रमुख कर्णले बिहीबार जारी गरेको अपिलमा मधेश केवल भूगोल मात्र नभई विभिन्न आस्था, संस्कृति र परम्पराले जोडिएको साझा पहिचान भएको उल्लेख गरे ।

उनले युगौंदेखि मधेशका बासिन्दाले एक-अर्काको सुख-दुःखमा साथ दिँदै आएको सामाजिक सम्बन्धलाई अझ मजबुत बनाउनुपर्ने बताए ।

उनले घाम र छाया जस्तै आउने जाने क्षणिक असमझदारीका कारण वर्षौंदेखिको अटुट विश्वास र भाइचारामा आँच आउन नहुनेमा जोड दिए ।

हालैका केही घटनाले समाजमा उत्पन्न गरेको अन्योल र चिन्ताप्रति ध्यानाकर्षण गराउँदै प्रदेश प्रमुख कर्णले क्षणिक असमझदारीका कारण वर्षौंदेखि कायम रहेको विश्वास, सद्भाव र भाइचाराको सम्बन्धमा आँच आउन दिन नहुने बताए ।

उनले अशान्तिको अवस्थामा विवेक, धैर्य र संयम नै समाजको सबैभन्दा ठुलो शक्ति हुने उल्लेख गर्दै आवेग र अफवाहबाट टाढा रहन सबैलाई आग्रह गरेका छन्। आपसी संवाद, समझदारी र आत्मीयताबाट मात्रै जटिल परिस्थितिको समाधान सम्भव हुने उनको भनाइ छ।

प्रदेश प्रमुख कर्णले आस्था र प्रार्थनाका तरिका फरक भए पनि शान्ति, सुख र सन्ततिको उज्ज्वल भविष्यको चाहना सबैको साझा रहेको बताए ।

उनले असमझदारीलाई सद्भावपूर्वक अन्त्य गर्दै पुरानो विश्वास, आत्मीयता र छिमेकीपनाको भावना पुन: बलियो बनाउन आह्वान गरेका छन् ।

## सद्भाव कायम गर्न जसपा नेपालको अपिल

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**



जनता समाजवादी पार्टी नेपालले आपसी सद्भाव कायम राख्न अपिल गरेको छ ।

बिहीबार प्रवक्ता मनिषकुमार सुमनले पार्टीको तर्फबाट प्रेस विज्ञप्ति जारी गर्दै भाइचारा र एकता काम राख्न अनुरोध गरेका हुन् ।

'हामीलाई धर्मको बहानामा एक आपसमा वैमनस्य उत्पन्न गराई लडाउने भिडाउने षड्यन्त्रलाई परास्त गरी शान्ति, आपसी सद्भाव, भाइचारा र एकता कायम राख्न सम्पूर्ण जनसमुदाय समक्ष हार्दिक अपिल गर्दछु' विज्ञप्तिमा लेखिएको छ, 'सद्भाव, भाइचारा, सत्य, न्याय र एकताको पक्षमा रहने नेपाली धर्मावलम्बीहरू बीच द्वन्द सिर्जना गरी सामाजिक सद्भाव बिथोल्ने, अशान्ति र हिंसात्मक गतिविधि फैलाउने प्रवृत्तिलाई सफल हुन नदिनका लागि गम्भीर कदम चालिनु पर्दछ ।'

साथै घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कानुनी कारबाही गर्नुपर्ने उनले भनेका छन् ।






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३१
: ९८०१३२१७३१
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला।

# सुनसरीदेखि वीरगन्जसम्म फैलिएको तनावः संकटका बीच सक्रिय देखियो सरकार

## गोलीकाण्ड, कर्फ्यूसँगै सामाजिक सद्भावको कठिन परीक्षा




बिहीबार नेपालका लागि सामान्य राजनीतिक दिन रहेन । दिनको सुरुआत सुनसरी गोलीकाण्डका घाइते जयप्रकाश मेहताको मृत्युको खबरबाट भयो भने दिन ढल्दै जाँदा सिरहा, धनुषा र पर्सासम्म तनाव फैलियो। कतै कर्फ्यू जारी भयो, कतै निषेधाज्ञा लागू गरियो, कतै आगजनी र प्रदर्शन भए।

यसैबीच प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले राष्ट्रका नाममा सम्बोधन गर्दै शान्ति, संयम र राष्ट्रिय एकताको आह्वान गरे भने त्यसलगत्तै राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटेर विकसित घटनाक्रमबारे छलफल गरे। गृहमन्त्री प्रभावित क्षेत्रमा पुगे, राष्ट्रिय सुरक्षा परिषद् सक्रिय भयो र राजनीतिक दलहरूले पनि सामाजिक सद्भाव जोगाउन आह्वान गरे।

दिनभरका यी घटनाले सुनसरीको देवानगञ्जमा सुरु भएको हिंसा अब एउटा स्थानीय घटनामा सीमित छैन भन्ने देखायो। यसले मधेशका विभिन्न जिल्लामा सुरक्षा, राजनीति र सामाजिक सम्बन्धलाई एकैपटक प्रभावित गर्न थालेको छ।

**सुनसरीः जहाँबाट तनावको शृंखला सुरु भयो**

साउन ११ गते देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा बोलबम यात्राका क्रममा डिजे बजाउने विषयलाई लिएर दुई समुदायबीच झडप भएको थियो। झडप नियन्त्रण गर्न सुरक्षाकर्मीले गोली चलाउँदा देवानगञ्ज-४ का २४ वर्षीय ओमप्रकाश मेहताको घटनाकै राति मृत्यु भएको थियो।

त्यसै घटनामा गम्भीर घाइते भएका देवानगञ्ज-३ का २२ वर्षीय जयप्रकाश मेहताको बिहीबार विराटनगरस्थित न्युरो अस्पतालमा उपचारका क्रममा निधन भयो। यससँगै घटनामा ज्यान गुमाउनेको संख्या दुई पुगेको छ। यसअघि भएका अर्को गोलीकाण्डसँग जोडेर हेर्दा पछिल्ला सुरक्षात्मक कारबाहीमा गोली लागेर मृत्यु हुनेको संख्या तीन पुगेको भन्दै स्थानीयमा सरकार र सुरक्षा निकायप्रति आक्रोश बढेको छ।

जयप्रकाशको मृत्युपछि प्रदर्शन चर्कियो। प्रशासनले सुरक्षा व्यवस्था थप कडा बनायो भने गृहमन्त्री स्वयं सुनसरी पुगेर स्थानीय प्रशासन, सुरक्षा अधिकारी र जनप्रतिनिधिसँग छलफल गर्दै शान्ति कायम राख्न सबै पक्षलाई संयम अपनाउन आग्रह गरे।

**मधेशमा फैलियो तनाव**

सुनसरीको घटनापछि तनाव धनुषा, सिरहा र पर्सासम्म फैलिएको देखियो।

धनुषामा प्रशासनले कर्फ्यू आदेश जारी गऱ्यो। मधेश प्रदेश सरकारले अत्यावश्यक कामबाहेक सरकारी सवारी प्रयोग नगर्न सबै सरकारी कार्यालयलाई निर्देशन दिँदै सुरक्षा संवेदनशीलता उच्च भएको संकेत गऱ्यो।

सिरहाको गोलबजारमा प्रदर्शन उग्र बन्दा सुरक्षाकर्मीको गोली लागेर स्थानीय गणेश यादवको मृत्यु भयो। त्यसपछि आक्रोशित प्रदर्शनकारीहरूले गोलबजारस्थित सिरहा सुपरमार्केटद्वारा सञ्चालित एबी मलमा आगजनी गरे। जिल्लाका विभिन्न स्थानमा तोडफोड र आगजनी भएपछि प्रशासनले विभिन्न क्षेत्रमा कर्फ्यू जारी गऱ्यो।

घटनाको वास्तविकता पत्ता लगाउन मधेश प्रदेश प्रहरी कार्यालयले एसपी भेषराज रिजालको नेतृत्वमा तीन सदस्यीय छानबिन समिति गठन गरेको छ। समितिमा प्रहरी निरीक्षक यज्ञराज भट्ट र प्रहरी सहायक निरीक्षक गोविन्द झा सदस्य रहेका छन्। समितिले गोली चल्नुको कारण, घटनाक्रम, संलग्न पक्ष र प्रहरीको भूमिकाबारे अध्ययन गरेर प्रतिवेदन बुझाउने जिम्मेवारी पाएको छ।

उता पर्साको वीरगन्जमा सिरहाको घटनापछि युवाहरू सडकमा उत्रिए। जिल्ला सुरक्षा समितिले साँझ ५ बजेदेखि शुक्रबार बिहान ६ बजेसम्म निषेधाज्ञा जारी गरे पनि माइस्थान, घण्टाघर, आदर्शनगरलगायत क्षेत्रमा प्रदर्शन जारी रह्यो। प्रदर्शनकारीहरूले दोषीलाई कारबाहीको माग गर्दै नेपाल बन्दको घोषणासमेत गरे। सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति हुन नदिन ठूलो संख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरियो।

**राष्ट्रका नाममा प्रधानमन्त्रीको सम्बोधन**

यही तनावपूर्ण अवस्थाबीच प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहले राष्ट्रका नाममा सम्बोधन गर्दै नागरिकलाई संयम अपनाउन, अफवाहमा विश्वास नगर्न र सामाजिक सद्भाव जोगाउन आग्रह गरे।

उनले सरकार शान्ति सुरक्षा कायम गर्न प्रतिबद्ध रहेको, दोषीलाई कानुनी दायरामा ल्याइने र कुनै पनि समुदायमाथि अन्याय हुन नदिने प्रतिबद्धता व्यक्त गरे।

सम्बोधनलगत्तै प्रधानमन्त्री शीतल निवास पुगेर राष्ट्रपति रामचन्द्र पौडेलसँग भेटवार्ता गरे। भेटमा मुलुकको समसामयिक सुरक्षा अवस्था, तराईका जिल्लामा विकसित घटनाक्रम र त्यसको व्यवस्थापनबारे छलफल भएको जनाइएको छ।

**संसददेखि सुरक्षा परिषद्सम्म सक्रियता**

प्रतिनिधिसभामा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले देशको राजनीतिक अवस्था सहज नरहेको टिप्पणी गर्दै जनअपेक्षाअनुसार शासन सञ्चालन हुन नसकेको बताए। उनले बढ्दो जनअसन्तुष्टि, आर्थिक सुस्तता र शासनप्रतिको कमजोर विश्वासले यस्ता घटनालाई थप जटिल बनाउने चेतावनी दिए।

राष्ट्रिय स्वतन्त्र पार्टीका सचेतक प्रकाशचन्द्र परियारले नेपाल विविधता र धार्मिक सहिष्णुताको देश भएकाले सामाजिक सद्भाव भड्काउने कुनै पनि प्रयासप्रति उच्च सतर्क रहनुपर्ने बताए।

उता राष्ट्रिय सुरक्षा परिषद्को बैठकले पनि विकसित परिस्थितिको समीक्षा गर्दै सुरक्षा निकायबीच समन्वय थप प्रभावकारी बनाउने निर्णय गरेको छ।

**सामाजिक सञ्जालको चुनौती**

यसपटकको घटनाक्रमले सामाजिक सञ्जालको प्रभावलाई पनि पुनः केन्द्रमा ल्याएको छ। पुष्टि नभएका सूचना, उत्तेजक भिडियो, धार्मिक भावनालाई उक्साउने सामग्री र भ्रामक प्रचार केही घण्टामै स्थानीय घटनालाई राष्ट्रिय तनावमा बदल्ने माध्यम बनेका छन्।

अभिव्यक्ति स्वतन्त्रताको सम्मान गर्दै पनि हिंसा उक्साउने, घृणा फैलाउने र झुटा सूचना प्रसार गर्ने गतिविधिमाथि प्रभावकारी निगरानी आवश्यक देखिएको छ।

नेपाल अहिले व्यापक द्वन्द्वको अवस्थामा पुगेको निष्कर्ष निकाल्न मिल्दैन। तर सुनसरीबाट सुरु भएको हिंसाले सिरहा, धनुषा, पर्सासम्म फैलिएको घटनाक्रमले सामाजिक सम्बन्ध कति संवेदनशील अवस्थामा पुगेको छ भन्ने देखाएको छ।

कर्फ्यू, निषेधाज्ञा, सुरक्षा परिचालन र छानबिन समिति तत्कालका आवश्यक कदम हुन सक्छन्। तर दीर्घकालीन समाधानका लागि निष्पक्ष अनुसन्धान, कानुनी कारबाही, स्थानीय समुदायबीच संवाद, जिम्मेवार राजनीतिक नेतृत्व र अफवाह नियन्त्रण अनिवार्य छन्।

नेपालको सबैभन्दा ठूलो शक्ति यसको धार्मिक सहिष्णुता, सांस्कृतिक विविधता र सहअस्तित्वको परम्परा हो। यही आधार कमजोर पार्ने कुनै पनि गतिविधि केवल सुरक्षा चुनौती होइन, राष्ट्रिय एकतामाथिको चुनौती हो।

बिहीबार दिनभर भएका घटनाले राज्य, राजनीतिक दल, सुरक्षा निकाय र नागरिक समाज सबैलाई सामाजिक सद्भावको अपिलले मात्र जोगाउँदैन। निष्पक्ष न्याय, जिम्मेवार राजनीति, पारदर्शी अनुसन्धान र नागरिकको संयमित व्यवहार आवश्यक देखिन्छ।

अब सरकारले विश्वसनीयता कायम गर्दै समुदायबीच एकता कायम गर्न सकेमात्र तनावको शान्तिपूर्ण व्यवस्थापन हुनसक्ने देखिन्छ।

## सम्पादकीय...

### सिरहा प्रशासनको गम्भीर लापरबाही

सुनसरीको देवागंजको विषयमा मधेश प्रदेशका जिल्लाहरुमा शान्तिपूर्ण प्रर्दशन भईरहेको थियो। सिरहा जिल्लामा पनि प्रर्दशनलाई ध्यानमा राख्दै सुरक्षा व्यवस्थाको विषयमा वुधवार जिल्ला प्रशासन कार्यालयमा सर्वदलीय वैठक बस्यो। सर्वदलीय बैठकमा जिल्लामा शान्ति सुरक्षा कायम राख्न र प्रर्दशनलाई शान्तिपूर्ण रुपमा नै आयोजना गर्न दिन कुराहरुमा छलफल भएको थियो। सर्वदलीय छलफलमा सुरक्षाकर्मीले नागरिकको ज्यान नै लिनेगरी कुनैपनि अवस्थामा गोली चलाउन नपाउने कुरा उठेको थियो। सर्वदलीय बैठकको २४ घण्टा नबित्दै जिल्ला प्रशासन कार्यालय सिरहाले गम्भीर लापरबाही गरेको छ। जिल्लाको शान्ति सुरक्षाको कमाण्ड सम्हाल्ने प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेल नेतृत्वको सुरक्षा टोलीबाट गोली प्रहार भयो। त्यो गोली शान्ति सुरक्षा कायम गर्ने नाउँमा प्रहार भएपनि त्यसले अबोध बालकको ज्यान लिएको छ। प्रहरीले चलाएको गोली छातीमा नै लागेको छ। यसले सिरहा जिल्लामा सुरक्षा निकायले नै गम्भीर लापरबाही गरेको र घटनालाई मलजल गर्ने प्रयास गरेको भन्ने देखाएको छ।

त्यसो त सिरहा जिल्लामा शान्तिपूर्ण रुपमा नै प्रर्दशन भईरहेको थियो। गोलबजार र लहानमा समान्य तनावको अवस्था मात्र सृजना भएको थियो। तैपनि प्रहरीले गोली चलाउँदा मानवअधिकारको गम्भीर उलंघन गरेको छ। प्रहरीले मान्छेको ज्यान नै लिने गरी चलाएको गोलीले गम्भीर सवाल पनि पैदा गरेको छ। यसले सिरहा जिल्लामा शान्ति सुरक्षा कायम राख्न खटिएका प्रहरीले नागरिकको जीवनको रक्षाभन्दा जीवन लिनेमा उद्दत रहेको भन्ने कुरालाई इंकित गरेको छ। खासमा प्रहरीले शान्ति सुरक्षा कायम गर्दा नागरिकलाई धेरै क्षति नहुने गरी बल प्रयोग गर्नुपर्ने हो। यो नै विश्वव्यापी सुरक्षा अवधारणा पालनाको मापदण्ड हो। जिल्लाको सर्वदलीय समितिमा उठेको विषयमा जिल्लाका सुरक्षा निकायले वेवास्ता गरेको निकै गम्भीर हो। यसलाई सुक्ष्म ढंगले छानबिन गर्नुपर्छ।

सिरहाको गोलबजारमा एक जना बालकको मृत्यु र अर्को एक घाईतेको विषयमा छानबिन गर्न छानबिन समिति गठन भएको छ। त्यो छानबिन समितिले सत्यतथ्य छानबिन गर्नुपर्छ। गोली प्रहारमा मानवअधिकार उलंघन गर्ने जोकोही भए त्यसलाई कारवाहीको दायरामा ल्याउनु नै पर्छ। सिरहा जिल्लामा सुरक्षा निकायले गम्भीर गल्ती गरेको छ। त्यसमा सुरक्षा निकायलाई जवाफदेही बनाउनु नै पर्छ। सिरहा जिल्लाको गोलबजारको घटनाको विषेश छानबिन गरी भविष्यमा यस्ता गल्ती दोहोर्याउन नपाओस् भन्ने कुराको हेक्का सबैलाई हुने गरी जवाफदेही बनाउनु नै पर्छ।

## आजको राशिफल

**मेष :** तपाईंको पराक्रम र कार्यक्षमतामा वृद्धि हुनेछ, जसले गर्दा कठीन चुनौतीहरू सहजै पार हुनेछन्।

**बृष :** आर्थिक दृष्टिकोणले आजको दिन निकै राम्रो छ र धन सञ्चय गर्न सफलता मिल्नेछ।

**मिथुन :** (नोटस् यो राशिको नेपाली नाम धनु हो) तपाईंको मान(सम्मान र सामाजिक प्रतिष्ठामा वृद्धि हुनेछ।

**कर्कट :** आज खर्चमा केही वृद्धि हुन सक्छ, त्यसैले अनावश्यक विलासिताका सामानमा धन खर्च नगर्नुहोला।

**सिंह :** आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् र पुराना लगानीबाट राम्रो नाफा मिल्नेछ।

**कन्या :** कार्यक्षेत्र र व्यापारमा ठूलो सफलता मिल्नेछ, जसले गर्दा करियरमा सकारात्मक परिवर्तन आउनेछ।

**तुला :** भाग्यको पूर्ण साथ मिल्नेछ, जसले गर्दा रोकिएका कामहरू पुनः सुचारु हुनेछन्।

**वृश्चिक :** आज स्वास्थ्यमा अलि उतारचढाव आउन सक्छ, त्यसैले खानपान र आराममा विशेष ध्यान दिनुहोला।

**धनु :** वैवाहिक जीवन र प्रेम सम्बन्ध सुखमय रहनेछ, जीवनसाथीसँगको आपसी समझदारी अझ बलियो हुनेछ।

**मकर :** स्वास्थ्यमा राम्रो सुधार आउनेछ र तपाईंमा नयाँ ऊर्जाको सञ्चार हुनेछ।

**कुम्भ :** बौद्धिक र रचनात्मक काममा ठूलो सफलता मिल्नेछ, जसले गर्दा कार्यस्थलमा प्रशंसा हुनेछ।

**मीन :** आज पारिवारिक सुख र शान्तिमा केही कमी महसुस हुन सक्छ, त्यसैले घरभित्रका कुरामा धैर्य राख्नुहोला।

**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

**गर्मी मौसममा सावधानी अपनाऔं, सुरक्षित बनौं**

- प्रयाप्त मात्रामा सफा पानी, स्वच्छ खाना तथा तरल पदार्थ सेवन गरौं।
- अत्यधिक घाममा लामो समयसम्म नबसौं।
- चर्को घाममा बाहिर निस्कँदा छाता, टोपी र पातलो कपडा प्रयोग गरौं।
- जंकफूड, बासी, सडेगलेका तथा दूषित खानेकुरा नखाऔं।
- बालबालिका, ज्येष्ठ नागरिक तथा बिरामीको विशेष हेरचाह गरौं।
- तातो हावाका कारण लु का लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।
- घर तथा कार्यस्थललाई स्वच्छ, सफा र शितल राखौं।

**सिरहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय, सिरहा**
मधेश प्रदेश, सिरहा (नेपाल)



**माँ भगवति बेकरी एण्ड स्वीट्स**
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकत्री, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# धर्मको नाममा विभक्त नभई शान्ति कायम राख्न मधेशका हिन्दु तथा मुस्लिम धर्मगुरुको अपिल

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १४ गते**

सुनसरीको देवानगन्ज गाउँपालिका-३ स्थित कप्तानगंजमा दुई पक्षबिच भएको साम्प्रदायिक दङ्गालाई लिएर मधेश प्रदेशका हिन्दु तथा मुस्लिम धर्मगुरुहरूले धर्मको नाममा विभक्त नभई शान्ति कायम राख्न अपिल गरेका छन्।



उनीहरूले विगतदेखि नै विभिन्न धर्म र सम्प्रदाय मिलेर बसेको समाजमा विगत केही समय यता केही व्यक्तिले धार्मिक अतिवादको नाममा घुसपैठ गरेर हुलदङ्गा भड्काउन खोजेको आरोप लगाएका छन्। धार्मिक अगुवाहरूले पहिला मानव र मानवताको अस्तित्व भएपछि मात्रै धर्म आउने भएकाले त्यो हृदयङ्गम गरी दुवै पक्ष मिल्नुपर्नेमा जोड दिएका छन्।

जनकपुरमा रहेको सङ्कटमोटन मन्दिरका पुजारी एवं महन्थ आनन्द राम दासले धर्मको नाममा हुलदङ्गा गरेर कसैलाई केही प्राप्त नहुने भएकाले सबै पक्ष मिल्नुनै उत्तम हुने धारणा राखे। उनले भने, 'मन्दिरमा हजारौं मान्छे आउँछन्, हामी जात-धर्म हेर्दैनौं, भेदभाव गर्दैनौं। समाजमा पनि यस्तै उदाहरण देखाउनुपर्नेमा उनले जोड दिए।

फूलबारीमा विभिन्न प्रजातिका फूल भएझैं समाजमा पनि विभिन्न सम्प्रदायका मानिस रहने भन्दै उनले सबैको एकताबाट गाउँ-समाज हुँदै राष्ट्र बलियो हुने महन्थ दासले प्रस्ट पारे। 'जुन धर्म मान्ने मानिस भए पनि रगत त रातै हुन्छ,' उनले भने, 'पहिरन अलि फरक होला, तर प्राण सबैको उस्तै हुन्छ।'

हिन्दु या मुस्लिम जुनसुकै वर्ग भए पनि एउटा अर्कोलाई होच्याउने, गालीगलौज गर्न बन्द गर्न उनले सबै समक्ष अपिल समेत गरेका छन्।

जनकपुर उपमहानगर-६ मा रहेको मदरसाका प्रिन्सिपल मोफती रजाउल्लाहले दुनियाँका कुनै पनि धर्मले एकआपसमा लडाइँ गर्न नसिकाउने प्रस्ट पारे। 'मानिस भइसकेपछि पहिला मानवता देखाएर व्यवहार गर्नुपर्छ,' उनले भने, 'अहिले देखिएको हिंसात्मक घटनाक्रमको पछाडि केही बेरोजगार, जोसँग कुनै काम छैन, त्यस्ता केही व्यक्तिहरू कसैको उक्साहटमा, खानपिन गरेर यस्ता क्रियाकलाप गर्न उद्यत हुने गरेका छन्।'

यस्ता क्रियाकलाप गराउन उनीहरूलाई कतैबाट रकम पनि प्राप्त भइरहेको छ कि, नियोजित रूपमै दङ्गा गराउन खोजेका त छैनन् भन्नेमा सरकारले सचेत भएर ध्यान दिनुपर्ने उनको भनाइ छ।

जनकपुरकै महन्थ मनिसदास वैष्णवले धार्मिक सहिष्णुता बिगार्दै हुलदङ्गा गर्नेहरू पहिचान गरी सरकारी संयन्त्रले कानुनी कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए। यसरी कारबाही गर्न नसक्दा यस्ता घटना बारम्बार देखा पर्न थालेको उनको भनाइ छ।

केही वर्ष यता धनुषामा पनि कहिले दुर्गा पूजाको मूर्ति विसर्जनको क्रममा, कहिले सरस्वती पूजाको मूर्ति विसर्जनको क्रममा, कहिले मोहर्रमका क्रममा दुवै पक्ष भिड्न खोजेको आफूले देखेको भन्दै उनले दुवै समुदायले एकअर्काको धर्मप्रति सम्मान गर्नुपर्नेमा जोड दिए। 'घटना हुन्छन्, त्यसलाई साम्य बनाउनु राज्यको दायित्व हो,' उनले भने।

मुस्लिम बुद्धिजीवी मौलाना रहमती अलीले अहिलेको घटनाबाट सरकारले पाठ सिक्दै अब आउने समयमा यस्ता घटना नहोस् भनेर सचेत हुनुपर्नेमा जोड दिए। छिटपुट रूपमा भइरहेको यस्ता घटनालाई समयमै रोक्न नसक्ने हो भने भविष्यमा झनै भयावह अवस्था आउन सक्ने उनको भनाइ छ।

यस्ता घटनाले कुनै पनि सम्प्रदायलाई फाइदा नगर्ने प्रस्ट पार्दै उनले भने, 'सदियौंदेखि हामी मिलेर बसेको समाज हो, त्यसलाई निरन्तरता दिन दुवै पक्ष मिलेर बस्नुको विकल्प छैन।'

सडकमा कतै ढुङ्गा या किला देखियो भने बाटो हिंड्ने व्यक्तिलाई क्षति गर्न सक्छ भन्ने सोचेर त्यसलाई हटाउनु नै ईस्लाममा इमान भन्ने गरेको अलीले प्रस्ट पारे।

जनकपुरमा रहेका धर्मगुरुहरू सामाजिक सद्भाव बिथोलिन नदिन सबै पक्ष सचेत हुनुपर्ने खाँचो औंल्याउँछन्।




# विदेशबाट फर्किएका श्रमिकको कानुनी स्थिति अद्यावधिक गर्न माग

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतारले विभिन्न मुलुकमा कार्यरत नेपाली श्रमिकहरु स्वदेश फर्किएर पुनः रोजगारीका लागि जाँदा भोग्नु परेका समस्याहरुको विषयमा सरकारको ध्यानाकर्षण गराएको छ।



परिषद्का उपाध्यक्ष जहाँगीर आलमले सिंहदरबारस्थित श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा विभागीय मन्त्री रामजी यादवलाई भेटेर श्रमिकको कानुनी स्थिति पूर्व अद्यावधिक गर्न ध्यानाकर्षण गराएका हुन्। त्यस क्रममा विभिन्न जिल्लाबाट खाडी मुलुकमा रोजगारी गरिरहेका नेपाली श्रमिकहरुको समस्याको बारेमा जानकारी गराउँदै मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग समन्वय गरी सम्बन्धित मुलुकको नेपाली दूतावासमार्फत श्रमिकले भोगिरहेको समस्या समाधानका लागि विशेष ध्यान दिन आग्रह गरेको उनले बताए।

मध्यपूर्वका देशहरुमा रोजगारीका क्रममा दुःख पाइरहेका, विभिन्न कानुनी वा व्यवहारिक समस्यामा परी जेल सजाय भोग्न बाध्य भएका तथा तलब नपाई समस्यामा परेका श्रमिकहरुको तत्काल उद्धार र राहत, वैदेशिक रोजगारीका नाममा भइरहेका ठगी, म्यानपावर व्यवसायीसँग जोडिएका समस्याहरु र तिनको दीर्घकालीन समाधानका लागि आग्रह गरिएको उनले बताए। उनका अनुसार मन्त्रीसँग सप्तरीको सुरुङ्गा नगरपालिका- ४ कदमाहा गाउँका करिब ४२ वर्षीय मृगेन्द्रकुमार मण्डल तीन करोड रुपैयाँ बढी ब्लडमनि बुझाउन नसक्दा करिब ६ महिनादेखि साउदी अरेबियामा अलपत्र रहेको विषयमा तत्काल पहल लिन माग गरिएको छ।

**स्वदेश फर्किएका श्रमिकको पुनः उडानमा जोखिम**

ध्यानाकर्षण पत्रमा खडी मुलुकहरु साउदी अरेबिया, कतार, युएईलगायतका देशहरुमा कतिपय श्रमिकहरु विभिन्न मुद्दा मामिलामा परी सजाय भुक्तान गरी स्वदेश फर्किने गरेको उल्लेख छ। 'धेरैजसो श्रमिकहरु गन्तव्य मुलुक पुगेपछि समयमा सिभिल आइडी नबन्ने, कम्पनी भाग्ने वा अन्य कानुनी उल्झनमा परेर स्वदेश फर्किन बाध्य हुन्छन्' ध्यानाकर्षण पत्रमा भनिएको छ।

खाडी मुलुकहरुमा नेपाली श्रमिकहरु प्रायः पुराना मुद्दाको जरिवाना तिर्न बाँकी रहेको वा सजाय पूर्ण नभएको भन्दै पुनः पक्राउ गरी जेल पठाउने गरेको पाइएको उल्लेख गर्दै पत्रमा भनिएको छ 'श्रम स्वीकृती, भिसा, टिकट र अन्य तयारीमा ठूलो रकम खर्च भइसकेपछि अन्तिम समयमा उडान रोकिंदा श्रमिक र निजको परिवार उठ्नै नसक्ने गरी आर्थिक तथा मानसिक मारमा पर्ने गरेका छन्।' विदेशस्थित नेपाली दूतावासहरुले सजाय काटेर फर्किएका, आइडी नबनेका वा कानुनी झमेलामा परेका श्रमिकहरुको जरिबाना, यात्रा बन्देजको अवधि र कानुनी स्थिति अगावै संकलन गरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, कन्सुलर सेवा विभाग र वैदेशिक रोजगार विभागमा प्रणालीमार्फत पठाउन आग्रह गर्दै त्यसले उक्त समस्या नेपालमै रोक्न सकिने उल्लेख छ।

परिषद्का कतार अध्यक्ष कृष्ण पन्थी र महासचिव शिव भुजेलद्वारा हस्ताक्षरित पत्रमा परिषद्ले नेपाली दूतावासमार्फत सजाय काटेका, डिपोर्ट भएका, आइडी नबनेका र यात्रा बन्देज/ जरिबाना बाँकी रहेका श्रमिकहरुको विवरण अनिवार्य रुपमा वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा प्रविष्टी गर्न गराउन माग गरेको छ। त्यस्तै, श्रमिकको कानुनी स्थिति स्पष्ट नभएसम्म वा प्रतिबन्ध बाँकी भएसम्म सो देशको श्रम स्वीकृती रोकी अन्य सुरक्षित देश रोज्न सहजीकरण, सजाय काटेर फर्किएका श्रमिकहरुलाई नेपालमै हुँदा उनीहरुको कानुनी स्थिति के छ भन्ने विषयमा जानकारी पाउने व्यवस्थाको माग गरिएको छ।

श्रम स्वीकृती लिने समयमै प्रणालीले सचेत गराएमा सोही देशमा गएर फस्ने, समयमै जरिबाना तिर्ने, कानुनी प्रकृया मिलाउन वा अन्य कुनै सुरक्षित देशमा रोजगारीका लागि जाने बिकल्प पाउने भएकाले नेपालमै कानुनी सल्लाह र जानकारी दिने व्यवस्था गर्न माग गरिएको छ। विश्वका ९० भन्दा बढी देशमा करिब ८० लाख गैरआवासीय नेपाली सदस्य रहेको र मध्यपूर्वका देशहरुमा रहेका १७ लाख २५ हजार बढी गैरआवासीय नेपाली श्रमिकहरु कार्यरत रहेको एनआरएनए आइसीसीले जनाएको छ।

## मैथिलीमा प्रधानमन्त्रीको अपिल- सद्भाव राख के लेल .............

सम्बोधन गरे। विशेषगरी मधेशमा भएको प्रदर्शन कम गर्न सघाउ पुग्नेगरी उनले उक्त भाषामा पनि सम्बोधन गरेको सचिवालय स्रोत बताउँछ।

उनले मैथिली भाषामा बोल्दै शान्ति, सद्भाव, भाइचारा र राष्ट्रिय एकता कायम गर्न अपिल गरेका थिए।

'हम आम नागरिक, नागरिक समाज, धार्मिक समुदाय, सब आदरणीय अगुवा, सब राजनीतिक दल आ जिम्मेवार सञ्चारके माध्यम सबके धैर्यता आ संयमता अपना क शान्ति, सद्भाव, भाइचारा आ राष्ट्रिय एकता कायम राख के लेल सरकार के तरफ स हार्दिक अपिल के रहल छी,' प्रधानमन्त्रीले भनेका छन्।

## सिरहामा प्रदर्शन हिंसात्मकः गोली लागेर एक युवकको .............

**प्रहरी कार्यालयमा आक्रमणको प्रयास**

प्रदर्शनकारीले इलाका प्रहरी कार्यालय गोलबजारमा दुई पटक तथा इलाका प्रहरी कार्यालय लहानमा तीन पटक आक्रमण गर्ने प्रयास गरेको प्रहरीले जनाएको छ। अवस्था नियन्त्रणमा लिन सुरक्षाकर्मीले अश्रुग्याससहित आवश्यक बल प्रयोग गरेका थिए। जिल्लाका विभिन्न स्थानमा दर्जनौं सेल अश्रुग्यास प्रहार गरिएको प्रहरीको भनाइ छ।

**गोलबजार–लहानमा अनिश्चितकालीन कर्फ्यु**

सुरक्षा अवस्था थप जटिल बनेपछि जिल्ला प्रशासन कार्यालय सिरहाले स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम गोलबजार र लहान नगरपालिकाका संवेदनशील क्षेत्रमा अर्को आदेश नभएसम्मका लागि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको छ।

प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलद्वारा जारी आदेशअनुसार गोलबजारमा चौहर्वा चोकदेखि सैनिक चोक तथा आसपासका क्षेत्र र लहानमा बलान खोलादेखि सरस्वती खोला तथा पूर्व-पश्चिम राजमार्ग आसपासका संवेदनशील क्षेत्रमा कर्फ्यु लागू गरिएको छ।

प्रजिअ पौडेलले नागरिकलाई अफवाह वा भ्रामक सूचनामा विश्वास नगर्न, प्रशासनको निर्देशन पालना गर्न तथा सामाजिक सद्भाव कायम राख्न सहयोग गर्न आग्रह गरेका छन्।

**प्रहरीमाथि गोली प्रहार, २२ सुरक्षाकर्मी घाइते**

प्रदर्शन नियन्त्रणका क्रममा प्रहरीमाथि समेत गोली प्रहार भएको छ। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरी सहायक हवल्दार नारद परियारको दाहिने खुट्टाको घुँडामुनि गोली लागेको छ। प्रारम्भिक उपचारपछि उनलाई थप उपचारका लागि विराटनगर रिफर गरिएको छ।

प्रहरीका अनुसार नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका गरी २२ जना सुरक्षाकर्मी घाइते भएका छन्। तीमध्ये सात जना सशस्त्र प्रहरी रहेका छन् भने अन्य घाइतेको स्थानीय स्वास्थ्य संस्थामा उपचार भइरहेको छ।

प्रहरीमाथि गोली कसले र कुन परिस्थितिमा प्रहार गरेको भन्ने विषय पनि खुल्न नसकेको प्रहरीले जनाएको छ। घटनामा संलग्न व्यक्तिको पहिचान तथा खोजी कार्य तीव्र बनाइएको छ।

**शव पोस्टमार्टम**

गोली लागेर मृत्यु भएका गणेश यादवको शव दिनभर आफन्त तथा स्थानीयले सडकमै राखेर प्रदर्शन गरेका थिए। साँझ सुरक्षाकर्मीले शव उठाएर पोस्टमार्टम तथा आवश्यक कानुनी प्रक्रियाका लागि एम्बुलेन्समार्फत अस्पताल पठाएका छन्।

जिल्ला प्रहरी कार्यालय सिरहाले घटनाको वास्तविक कारण, गोली प्रहारको जिम्मेवार पक्ष, भएको क्षतिको यकिन विवरण तथा घटनामा संलग्न व्यक्तिको पहिचानका लागि विस्तृत अनुसन्धान जारी रहेको जनाएको छ।

अपन दैनिक
Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

# गृहमन्त्री सुधनले भने- सरकार नागरिकको विश्वासप्रति पूर्ण प्रतिबद्ध छ

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा भएको घटनामा ज्यान गुमाएका ओम प्रकाश मेहता र जय प्रकाश मेहताका परिवारसँग नेपाल सरकारले सहमति गरेपछि गृहमन्त्री सुधन गुरुङले सरकार सत्य, न्याय, कानुनी शासन र नागरिकको विश्वासप्रति पूर्ण प्रतिबद्ध रहेको बताएका छन्।



सहमतिअनुसार मृतकलाई शहीद घोषणा प्रक्रिया अघि बढाइने, प्रत्येक परिवारलाई १० लाख रुपैयाँ राहत उपलब्ध गराइने, घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कानुनबमोजिम कारबाही गरिने, पीडित परिवारका योग्य सदस्यलाई रोजगारीको अवसर उपलब्ध गराइने र मृतकहरूको स्मृतिमा स्मृति पार्क निर्माणका लागि आवश्यक समन्वय गरिनेसहितका सहमति गराएति गुरुङकै उपस्थितिमा पीडित परिवारसँग भएको थियो।

उक्त सहमतिपछि फेसबुकमार्फत गुरुङले सरकारले पीडित परिवारसँग भएको सहमतिप्रति पूर्ण प्रतिबद्ध रहेको उल्लेख गर्दै आवश्यक निर्णय र कार्यान्वयन छानबिन समितिको प्रतिवेदनका आधारमा अघि बढाइने बताएका छन्। सहमतिअनुसार मृतकको आजै अन्तिम संस्कार गरिने भएको छ।

# मुख्यमन्त्री यादवको अपिलः 'सामाजिक सद्भाव भड्किने खालका गतिविधि कसैबाट हुनुहुँदैन'

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्ण यादवले सुनसरी घटनापछि भइरहेको विरोध प्रदर्शनलाई संयमित बनाउन आग्रह गर्दै सामाजिक सद्भाव कायम राख्न सबै पक्षसँग अपिल गरेका छन्। मुख्यमन्त्री यादवले संविधानभन्दा माथि कोही पनि नरहेको स्पष्ट पार्दै घटनाका दोषीमाथि कानुनी कारबाही हुने भएकाले संयमता अपनाउन आग्रह गरे।

'यस्ता घटना हुनु देशका लागि दुर्भाग्यपूर्ण हो,' उनले भने, 'अहिले भइरहेको आन्दोलन र विध्वंसका कारण देश-विदेशमा हामीप्रति हेर्ने दृष्टिकोण नकारात्मक बन्दै गएको छ। आन्दोलन गर्न पाइन्छ, तर आन्दोलन शान्तिपूर्ण हुनु सबैका लागि हितकर हुन्छ। त्यसमा सबै सचेत बन्नुपर्छ।'

मुख्यमन्त्री यादवले आन्दोलनका नाममा एक पक्षले अर्को पक्षलाई होच्याउने, सरकारी तथा निजी सम्पत्ति तोडफोड गर्ने, सवारीसाधनमा आगजनी गर्ने जस्ता गतिविधिबाट टाढा रहन आग्रह गरे। उनले सर्वदलीय बैठकबाट घटनाको संवेदनशीलतालाई ध्यानमा राख्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरिएको जानकारी दिए। 'आज साँझ ५ बजे मन्त्रिपरिषद्को बैठक बस्दैछ। त्यसबाट पनि केही निर्णय आउन सक्छ,' उनले भने।

आन्दोलन हिंसात्मक बन्दै गएपछि कर्फ्यु लगाउनुपरेको, विद्यालय बन्द भएका तथा अस्पतालमा रहेका बिरामी र उनीहरूका आफन्तसमेत प्रभावित भएको उल्लेख गर्दै उनले यसतर्फ सबैले गम्भीर हुनुपर्ने बताए।

मुख्यमन्त्री यादवले सामाजिक सञ्जालमार्फत अतिरञ्जित र भ्रामक सूचना फैलाउने प्रवृत्तिले अवस्था झन् जटिल बनाएको उल्लेख गर्दै त्यसतर्फ पनि सबैको ध्यान जानुपर्नेमा जोड दिए।

# रास्वपा सांसद रहबर अन्सारीले संसदबाट दिए धार्मिक सद्भावको सन्देश

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १४ गते**

सत्तारूढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद रहबर अन्सारीले धार्मिक, जातीय तथा साम्प्रदायिक सद्भाव भड्काउने र घृणास्पद अभिव्यक्ति (हेट स्पिच) दिनेहरूलाई तत्काल पहिचान गरी कानुनको दायरामा ल्याउन सरकारसँग माग गरेका छन्।

प्रतिनिधिसभाको बिहीबारको बैठकमा बोल्दै सांसद अन्सारीले पवित्र धार्मिक शब्द र नाराहरूलाई राजनीतिक स्वार्थ र विभाजनका लागि प्रयोग गरिनु दुःखद भएको बताए।

विभिन्न धर्मका पवित्र नाराहरूको गलत प्रयोग भइरहेकोमा चिन्ता व्यक्त गर्दै उनले भने, 'करोडौं मानिसहरूले आफ्नो ईश्वरप्रति देखाउने भक्ति, करुणा र आस्थाका पवित्र शब्दहरूलाई आज हाम्रो समाजमा जात, धर्म र समुदायबीच विभाजन ल्याउन र राजनीतिक रोटी सेक्न प्रयोग गरिएको छ।'

कुनै पनि धर्म वा सम्प्रदायका नाममा हुने हिंसाले सोही धर्मको मूल मर्म र सन्देशको अपमान गर्ने उनको भनाइ थियो। 'जय श्रीराम' भन्दै हिंसामा उत्रिनेले श्रीरामको मर्यादा र 'अल्लाहु अकबर' भन्दै आक्रमण गर्नेले इस्लामको शान्तिको सन्देश बिर्सिने गरेको उल्लेख गर्दै उनले कुनै पनि धर्मले हिंसा र घृणाको वकालत नगर्ने बताए।

नेपाल बहुजातीय र बहुधार्मिक देश भएको र यहाँको धार्मिक सहिष्णुता ऐतिहासिक विरासत भएको उल्लेख गर्दै उनले घृणात्मक अभिव्यक्तिकै कारण विश्वका धेरै देशहरूमा साम्प्रदायिक हिंसा र मानव अधिकारको हनन भएको दृष्टान्त दिए।

'युरोप, बोस्निया, रुवान्डा, भारत र श्रीलंकाजस्ता देशहरूमा घृणात्मक अभिव्यक्तिकै कारण ठूला हिंसा र मानवअधिकारको चिहान बनेका इतिहास छन्,' उनले भने, 'नेपाल र विशेषगरी मधेशलाई त्यस्तै साम्प्रदायिक हिंसातर्फ धकेल्ने प्रयास भइरहेकाले समयमै सतर्क हुनुपर्छ।'

साम्प्रदायिक हिंसाको सुरुआत गोली चलेर नभई घृणात्मक अभिव्यक्तिबाटै हुने भएकाले यस्ता गतिविधि नियन्त्रण गर्न राज्यले सूक्ष्म निगरानी बढाउनुपर्नेमा उनले जोड दिए।

'सामाजिक सञ्जाल, मिडिया वा नेताहरूकै मुखबाट किन नहोस्– जहाँबाट घृणात्मक अभिव्यक्ति आइरहेका छन्, ती पात्रहरूलाई हरेक जिल्ला स्तरबाट पहिचान गरी सजायको दायरामा ल्याउनुपर्छ,' उनले भने।



साथै, समाजमा रोहिंग्या वा बंगलादेशी नागरिकका नाममा कृत्रिम डर पैदा गरेर देश विभाजित गर्ने दुष्प्रयास भइरहेको भन्दै उनले त्यस्ता प्रवृत्तिको निष्पक्ष छानबिन हुनुपर्ने बताए।

नेपालीहरूको धर्म र आस्था फरक भए पनि नागरिकता र मानवता एउटै भएकाले साम्प्रदायिकता फैलाउने जो-कोही कानुनको कठघरामा उभिनुपर्ने उनको भनाइ थियो।

# मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशाला पूर्ण क्षमतामा सञ्चालन

**जनकपुरधाम, साउन १४ गते।** मधेश प्रदेश जनस्वास्थ्य प्रयोगशालाले पूर्ण क्षमतामा सेवा सञ्चालन गरेसँगै स्थानीयहरूलाई निजी प्रयोगशालाको भन्दा न्यूनतम शुल्कमा स्वास्थ्य परीक्षण गराउन सहज भएको छ।

बोलपत्र प्रक्रियामार्फत औषधि तथा केमिकल खरिद भएसँगै प्रयोगशालाले केही महिनादेखि पुनः पूर्ण क्षमतामा स्वास्थ्य परीक्षण सेवा थालेको हो। मधेश प्रदेश सरकारद्वारा सञ्चालित सो प्रयोगशालाबाट अहिले निजी क्षेत्रका प्रयोगशालाभन्दा न्यूनतम शुल्कमा दैनिक पाँच सयभन्दा बढी व्यक्तिले स्वास्थ्य परीक्षण गराउँदै आएका छन्। मधेश प्रदेश स्वास्थ्य प्रयोगशालाका निमित्त निर्देशक डा नागेन्द्र यादवका अनुसार प्रयोगशालाले विभिन्न २५६ प्रकारको परीक्षण सेवा सञ्चालन गर्दै आएको छ।

गत २०७८ साल कात्तिक १५ गते स्थापना भएको प्रयोगशालाले मधेश प्रदेशका आठ वटै जिल्लाको १३६ पालिकामा जनस्वास्थ्य प्रयोगशाला सञ्चालन गरी स्वास्थ्य परीक्षण सेवा दिँदै आएको निर्देशक डा यादवले




बताए।

प्रयोगशालाको जनकपुरधामस्थित प्रयोगशाला र विभिन्न पालिकाहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालाहरुबाट आर्थिक वर्ष २०८२/८३ मा मात्र आठ लाख ५५ हजार ५८२ जनाको स्वास्थ्य परीक्षण गरिएको निर्देशक डा यादवले जानकारी दिए।

उनका अनुसार सो अवधिमा जनकपुरधामस्थित प्रयोशालाबाट दुई लाख तीन हजार ५८७ र स्थानीय तहरुमा सञ्चालित जनस्वास्थ्य प्रयोशालाबाट छ लाख ५१ हजार ९९५ जनाको स्वास्थ्य जाँच गरिएको छ।

सो प्रयोगशालाले आव २०८२/८३ मा स्वास्थ्य परीक्षणबाट चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व सङ्कलन गरेको छ। निर्देशक डा यादवका अनुसार जनकपुरधामस्थित प्रयोशालामा गरिएको स्वास्थ्य परीक्षणबाट दुई करोड ७५ लाख ५२ हजार ५२२ र स्थानीय तहमा सञ्चालित जनस्वास्थ्य प्रयोगशालामा गरिएको स्वास्थ्य परीक्षणबाट दुई करोड ९९ हजार ५६५ गरी रु चार करोड ७६ लाख ५२ हजार ८७ राजस्व सङ्कलन भएको छ।

प्रयोगशालाले ज्येष्ठ नागरिक तथा दीर्घरोगीहरूलाई शुल्कको ९० प्रतिशत र आपाङ्ता भएका व्यक्तिहरुलाई ५० प्रतिशत छुटमा स्वास्थ्य परीक्षण गरिरहेको जनाएको छ। हाल सञ्चालनमा ल्याइएको 'इन्टिग्रेटेड' सेवा प्रणालीले सेवाग्राहीलाई एउटै स्थानबाट विभिन्न प्रकारका स्वास्थ्य परीक्षण गराउने सुविधा दिएको छ। नेपालका धेरै सरकारी स्वास्थ्य संस्थामा बिरामीले विभिन्न शाखा धाउनुपर्ने अवस्था रहँदै आएको सन्दर्भमा यस्तो व्यवस्था सेवामैत्री सुधारको उदाहरण भएको स्थानीयहरुको भनाइ छ।




## मधेशकेन्द्रित दलको संयुक्त अपिल ...........

विज्ञप्तिमा अगाडि भनिएको छ, 'साम्प्रदायिक तनावजस्तो संवेदनशील परिस्थितिमा राज्यका निकायले अत्यन्त संयम, निष्पक्षता र कानुनी मर्यादाभित्र रही काम गर्नुपर्ने हुन्छ। तर, घटनापछिको प्रहरी हस्तक्षेप र दमनका सम्बन्धमा गम्भीर प्रश्नहरू उठेका छन्। यी प्रश्नहरूको सत्यतथ्य निष्पक्ष र पारदर्शी ढंगबाट सार्वजनिक गर्नु लोकतान्त्रिक राज्यको दायित्व हो।'

पाँचौं दिनसम्म पनि मधेश अशान्त रहँदा प्रधानमन्त्री मौन बसेको र गृहमन्त्रीको गतिविधि शंकास्पद देखिएको उनीहरूको भनाइ छ। यसले घटनालाई झन् उग्र बनाएको उनीहरूको आरोप छ।

उनीहरूले प्रधानमन्त्रीले तत्काल राष्ट्रका नाममा सम्बोधन गर्दै सम्पूर्ण नागरिकलाई शान्ति, सद्भाव, न्याय तथा कानुनी शासनप्रति आश्वस्त पार्नुपर्ने बताएका छन्। साथै, घटनामा मृत्यु भएकालाई शहीद घोषणा गर्न, उचित क्षतिपूर्ति उपलब्ध गराउन, घाइतेको निःशुल्क उपचारको व्यवस्था गर्न तथा आन्दोलनमा घुसपैठ रोक्न राज्यको गम्भीर ध्यानाकर्षण गराएका छन्।

संयुक्त विज्ञप्ति जारी गर्नेमा जनता समाजवादी पार्टी नेपाल महन्थ ठाकुर, राष्ट्रिय मुक्ति पार्टी नेपालका राजेन्द्र महतो, जनमत पार्टीका अध्यक्ष जयकान्त राउत, राष्ट्रिय निर्माण दलका समिम अन्सारी, संविधानसभा सदस्य रामकुमार शर्मा छन्।

○ ग्राहक बन्नु परेमा।
○ नवीकरण गर्नु परेमा।
○ ठेगाना परिवर्तन भएमा।
○ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म
अपन दैनिक पत्रिका

